# घोडाघोडी ताल क्षेत्र

## परिचय

घोडाघोडी ताल क्षेत्र पश्चिम नेपालको तराई जिल्ला कैलालीमा अवस्थित रामसार क्षेत्र हो। यसले दरख, रामशिखरझाला र साँडेपानी गाविसको २,५६३ हेक्टर क्षेत्रफल ओगटेको छ। सन् २००३ अगस्ट १३ तारिख देखि यो क्षेत्र रामसार सूचीमा सूचिकृत भएको हो। यो क्षेत्रमा ५२ प्रतिशत वन, ३४.५ प्रतिशत खेतियोग्य जमिन, छ प्रतिशत ताल क्षेत्र, करिव दुई प्रतिशत घाँसे मैदान, १.६ प्रतिशत नदी र बलौटे जमिन, तीन प्रतिशत हैसियत बिग्रेको वन र ०.५ प्रतिशत पूर्व-पश्चिम राजमार्ग रहेको छ। यहाँ १४० प्रजातिका चरा, २९ प्रजातिका माछा, ४५० प्रजातिका वोटविरुवा तथा नौ प्रजातिका उभचयर पाइन्छन्।

यो क्षेत्र नेपाल सरकार वन तथा भू-संरक्षण मन्त्रालय वन विभाग अन्तर्गत कैलाली जिल्ला वन कार्यालयद्वारा व्यवस्थापन हुँदै आएको छ। सरकारी, गैरसरकारी तथा स्थानीय समुदायको पहलमा बासस्थान सुधार, चोरी शिकारी नियन्त्रण लगायत अन्य संरक्षण कार्यहरुको लागि सामुदायिक संस्थाहरु क्रियाशिल हुँदै आएका छन्। सिमसार संरक्षण तथा सदुपयोग आयोजनाले यसको संरक्षण तथा व्यवस्थापनमा जिल्ला वन कार्यालय कैलाली तथा स्थानीय समुदायलाई सहयोग पुऱ्याउँदै आएको छ।



### पहुँच

कैलाली जिल्लाको विकाशोन्मुख सुख्खड बजार नजिक पूर्व-पश्चिम राजमार्गको छेउमा अवस्थित घोडाघोडी ताल क्षेत्र यातायातको हिसावले सुगम स्थान मानिन्छ। पर्यटकीय स्थल कर्णाली चिसापानीको पूलबाट यो क्षेत्र करिब ३५ किलोमिटर पश्चिम पर्दछ भने सुदूरपश्चिम क्षेत्रको प्रमुख व्यापारिक नाका अत्तरिया चोकबाट करिब ४५ किलोमिटर पूर्व पर्दछ। यस क्षेत्रको एकमात्र सुविधासम्पन्न धनगढी विमानस्थलबाट करिब ५५ किलोमिटर दुरी पार गर्दा घोडाघाडी ताल क्षेत्रमा पुग्न सकिन्छ।




### रामसारको आधारशिला

अन्तर्राष्ट्रिय महत्वका सिमसारहरु पहिचान गर्नको लागि प्रस्तावित स्थलहरुमा हुनु पर्ने गुणहरु मध्ये घोडाघोडी ताल क्षेत्रमा भएका दुई प्रमुख आधारहरु निम्नानुसार छन्।

**आधार १.** उपयुक्त जैविक विविधता क्षेत्रभित्र प्रतिनिधिमूलक, दुर्लभ वा विशिष्ट प्रकारको प्राकृतिक वा मानव निर्मित सिमसार संरचना। यस आधारको लागि यहाँ सबैभन्दा ठूलो ताल घोडाघोडी लगायत २० वटा तालहरु छन्। यिनीहरुले पश्चिम नेपालको तराई क्षेत्रका तालहरुलाई प्रतिनिधित्व गर्दछन्।

**आधार २.** अति सम्वेदनशिल वा सङ्कटापन्न वा खतरापूर्ण जीव प्रजाति वा पारिस्थिकीय प्रणालीलाई सहयोग पुऱ्याउने सिमसार संरचना। यस आधारको लागि यहाँ निम्नानुसारका जीव प्रजातिहरु पाईन्छन्।

**अति सङ्कटापन्न: Critically Endangered species :** रातो टाउके कछुवा **Red-crowned Roofed Turtle** *Kachuga kachuga*

**सङ्कटापन्न : Endangered species :** पाटे बाघ **Royal Bengal Tiger** *Panthera tigris*,
जङ्गली कुकुर **Asiatic Wild-dog** *Cuon alpinus*

## चुनौतीहरु

**अतिक्रमण** : दिनप्रतिदिन अनधिकृत रुपमा बसोबास बढ्दै जाँदा ताल क्षेत्रको करिब ४०० हेक्टर वन क्षेत्र आवादीमा परिणत भइसकेको छ ।

**चरिचरन** : यस क्षेत्रमा करिब १२ हजार गाईवस्तुले दैनिक चरिचरन गर्ने गरेको अनुमान गरिएको छ ।

**ताल पुरिनु** : यस वरपरका जलाधार क्षेत्रमा भू-क्षय भएर बर्षात्मा बगेर आउने भलसँगै यहाँका तालहरुमा पाँगो, बालुवा र ढुङ्गा थुप्रिने क्रम बढ्दो छ ।

**वनस्पति अनुक्रमण** : जलकुम्भी र वेसरम लगायतका मिचाहा स्वभावका वनस्पतिहरुले गर्दा यहाँका सिमसारहरुमा उच्चपोषण प्रक्रिया अत्यधिक भएकोले वनस्पति अनुक्रमण पनि छिटोछिटो हुन थालेको छ ।

**अत्यधिक रुपमा पानीको उपयोग** : यहाँका तालहरुबाट करिब ५०० हेक्टर क्षेत्रमा सिंचाई हुने गरेको छ ।

**चोरी शिकारी** : माछा, पानी हाँस र अन्य वन्यजन्तु तथा साल र खयरका रुखहरु पनि चोरी निकासी हुने गरेका छन् ।

**निर्माण कार्यको असर** : विना योजना तालको वरपर धार्मिक र अन्य प्रयोजनका लागि घर-टहरा निर्माण भएकोले ताल क्षेत्रमा असर परिरहेको छ ।

**पर्यटकीय आकर्षण** : पूर्व-पश्चिम राजमार्ग छेउमा अवस्थित भएकाले यहाँ आन्तरिक पर्यटकको चाप बढ्दै जान थालेको छ । ताल वरपर अव्यवस्थित तवरले वनभोजको आयोजना पनि हुने गरेकोले फोहोरमैला व्यवस्थापनमा पनि समस्या देखिन थालेको छ ।

**वाह्र्य प्रजातिको माछापालन** : यस क्षेत्रका स-साना तालहरुमा बिभिन्न वाह्य प्रजातिका माछाको अव्यवस्थित तरिकाले पालन गर्नाले यहाँका स्थानीय जातका माछाहरु लोप हुने संभावना बढेको छ ।

## संरक्षणका प्रयासहरु

- रामसार सूचीमा समावेश गरेर अन्तर्राष्ट्रिय मापदण्ड अनुसार संरक्षणका प्रयास भइरहेकाले चोरी शिकारीमा क्रमश: कमी हुँदै आएको छ ।
- समुदायमा आधारित तथा बहुपक्षीय सरोकारवालाहरुको सहभागीतामा व्यवस्थापन हुन थालेकाले संरक्षणमा टेवा पुगेको छ ।
- सामुदायिक संस्थाहरु संरक्षण तथा विकासको लागि क्रियाशिल छन्, फलत: पर्या-पर्यटनको पनि सम्भावना बढ्दै गएको छ ।
- स्थानीय विद्यालयहरुमा सिमसार क्लव तथा शिक्षक सञ्जाल गठन गरी विभिन्न चेतनामूलक कार्यक्रमहरु सञ्चान गरिएकोले सचेतना अभिबृद्धि हुन थालेको छ ।
- बासस्थानमा सुधार भएकाले हरिहाँसको संख्या गत वर्षको तुलनामा वृद्धि भएको छ । त्यस्तै यस क्षेत्रमा पहिलो पटक हरिहाँसको प्रजनन् स्थल फेला परेको छ ।

**कृपया आफ्नो प्रतिवद्धता सहित सुझाव निम्न ठेगानामा पठाइ दिन हुन अनुरोध गरिन्छ ।**

GLOBAL ENVIRONMENT FACILITY

UNDP

सिमसार संरक्षण तथा सदुपयोग आयोजना
तालिम शाखा भवन, दोस्रो तल्ला, ववरमहल, काठमाडौं
फोन न ०१ ४२२६२३० / ४२२९६६९
फ्याक्स ०१ ४२२९६७०
इमेल : info@wetlands.org.np
वेभ साइट : www.wetlands.org.np

फिल्ड कार्यालय
घोडाघोडी ताल क्षेत्र, सुख्खड, कैलाली
फोन न ०९१ ६९४४१३

प्रकाशित : वि.सं. २०६६